केदारस्यूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दैउरा, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

आ०व० : २०८१/०८२
बैठक संख्या : १२

आज मिति २०८१ साल चैत्र १४ गते बिहिवारका दिन केदारस्यूँ गाउँपालिकाका अध्यक्ष श्री गणेश बहादुर बोहराज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलको उपस्थितिमा निम्न निर्णय गरियो।

**उपस्थिति :**

१. श्री गणेश बहादुर बोहरा - गाउँपालिका अध्यक्ष
२. श्री मनिषा धामी - गाउँपालिका उपाध्यक्ष
३. श्री विर बहादुर भण्डारी - १ नं. वडा अध्यक्ष
४. श्री शेर बहादुर विष्ट - २ नं. वडा अध्यक्ष
५. श्री विर बहादुर खाति - ३ नं. वडा अध्यक्ष
६. श्री कल्पान मल्ल - ४ नं. " "
७. श्री मोहन ठगुन्ना - ५ नं. " "
८. श्री जय बहादुर धामी - ६ नं. " "
९. श्री चन्द्र बहादुर धामी - ७ नं. " "
१०. श्री सुरेश बहादुर जेठारा - ८ नं. " "
११. श्री नन्दलाल बोहरा - ९ नं. " "
१२. श्री तस्विर वि.क. - कार्यपालिका सदस्य/प्रवक्ता
१३. श्री जुन देवी ओरखेडा - " "
१४. श्री निर्मला कुमारी वि.क. - " "
१५. श्री चन्द्रकला देवी दमाई - " "
१६. श्री रम्भु देवी बोहरा - " "
१७. श्री कमला थापा - " "
१८. श्री डा० रोहित कुमार गिरी - कार्यपालिका सदस्य सचिव

**अन्य उपस्थिति**

१९. श्री धनराज जोशी - नायब सुब्बा
२०. श्री केशव राज भट्ट - शिक्षा अधिकृत
२१. श्री लेखराज रावल - सूचना प्रविधि अधिकृत
२२. श्री लोकराज पाण्डे - स्वा०पा०स० इ., प्राविधिक

**निर्णय नं. १**

केदारस्यूँ गाउँपालिका गाउँ कार्यपालिकाले मिति २०८१ साल फागुन २१ गतेका दिन गरेका निर्णयहरूको कार्यान्वयनको विषयमा व्यापक छलफल तथा अन्तरक्रिया गरियो। निर्णयहरूको कार्यान्वयनको प्रगति सूचक, सुधारोन्मुख पक्ष र थप सुधारका लागि विस्तृत छलफलसहितको समिक्षा गरियो।

**निर्णय नं. २**

केदारस्यूँ गाउँपालिकाको दश वर्षे शिक्षा क्षेत्र योजनालाई आवश्यक समसामयिक सुधार तथा संशोधन गरि योजना निर्माण कार्यदलबाट अनुमोदनका लागि पेश भएकोमा उल्लेखित शिक्षा क्षेत्र योजना अनुमोदन गर्ने निर्णय गरियो।

डा. रोहित कुमार गिरी
नि. प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**निर्णय नं. ३**

केदारस्यूँ गाउँपालिका वडा नं. ५ मा आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण गर्नका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सिंहदरबार काठमाडौंबाट रु. ३६,००,०००।- (अक्षरुपी छत्तीस लाख रुपैयाँ मात्र) बजेट विनियोजन भएकोमा उक्त निर्माण कार्यका लागि टेण्डर प्रक्रियामा जान समय अभाव भई कार्य सम्पन्न सामर्थ्य हुन नसक्ने भएकोले उल्लेखित निर्माण कार्य उपभोक्ता समिति मार्फत गर्ने/गराउने निर्णय गरियो।

**निर्णय नं. ४**

प्रदेश नीति तथा योजना आयोग सुदूरपश्चिम प्रदेशको मिति २०८११२१११ गते प्रकाशित प्रदेश समपुरक अनुदान र प्रदेश विशेष अनुदान अन्तरगत स्थानीय तहबाट आर्थिक वर्ष २०८२।०८३ मा सञ्चालन गरिने आयोजना वा कार्यक्रमका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना बमोजिम देहाय बमोजिमका योजना वा कार्यक्रमलाई छनोट गरि पठाउने निर्णय गरियो।

देहाय :

(क) समपुरक अनुदानका लागि प्रस्तावित आयोजना वा कार्यक्रमहरू :

१. ढोडखेत, गण्डकी, लोतु, दहसैन, केदार पर्यटकीय स्थल जोड्ने सडक

२. केदार, कैलाश, भैरवनाथ, त्रिवेणी (चार धाम) धार्मिक तथा पर्यटकीय स्थल निर्माण

३. बर्थिङ सेन्टर निर्माणका लागि भौतिक पूर्वाधार विकास तथा स्तरोन्नती

(ख) विशेष अनुदानका लागि प्रस्तावित आयोजना वा कार्यक्रमहरू :-

१. शैक्षिक विकासका लागि विद्यालय फर्निचर, शैक्षिक सामग्री, प्रयोगशाला उपकरण, पुस्तकालय, शौचालय, खानेपानी, घेरबार, पर्खाल जस्ता पुरक शैक्षिक पूर्वाधार निर्माण

२. आधारभूत खानेपानी आपुर्ति, आधारभूत सरसफाई र स्रोत संरक्षण आयोजना

३. एक वडा एक उद्योग विकास कार्यक्रम

**निर्णय नं. ५**

आधारभूत शिक्षा (कक्षा ८) उत्तीर्ण परीक्षा २०८१ को नतिजा खासै सन्तोषजनक नभएको, शैक्षिक उपलब्धि प्राप्तिमा कमी भएकोले नतिजा सुधारका लागि समीक्षा गरी विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न आगामी शैक्षिक वर्ष २०८२ लाई शैक्षिक अभियान वर्षका रूपमा मनाउने निर्णय गरियो।

**निर्णय नं. ६**

पन्ध्रौं जिल्लास्तरीय राष्ट्रपति रनिङ शील्ड प्रतियोगिता २०८१ यस पालिका अन्तरगतको श्री भैरव मा.वि. झोता बझाङमा सञ्चालन गर्न जिल्ला खेलकुद समिति बझाङसँग समन्वय तथा सहकार्य गर्ने र सह आयोजकको भूमिका निर्वाह गर्ने निर्णय गरियो।

डा. रोहित कुमार गिरी
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ७

केदारस्युँ गाउँपालिकामा स्थानीय उत्पादनमा आधारित कृषि प्रणालीको विकास गर्न केदारस्युँ गाउँपालिकाको कोता क्षेत्रमा रहेको विस्तृत खेती योग्य भूमिमा कृषि उपज उत्पादन केन्द्र स्थापना गरी कृषि हब निर्माण गर्ने निर्णय गरियो।

निर्णय नं. ८

पालिका अन्तरगत सञ्चालित योजना तथा आयोजनाहरुको अनुगमन गर्न पालिका स्तरमा देहाय बमोजिमको अनुगमन समिति गठन गर्ने निर्णय गरियो।

देहाय:-

१. श्री मनिषा धामी - संयोजक
२. श्री डा. रोहितकुमार गिरी - सदस्य
३. श्री लोकराज पाण्डे - सदस्य (आमन्त्रित)
४. श्री नर बहादुर खडायत - सदस्य (आमन्त्रित)
५. श्री तस्वीर वि.क. - सदस्य
६. श्री कमला थापा - सदस्य
७. श्री समुद्र बहादुर धामी - सदस्य सचिव

निर्णय नं. ९

पालिका अन्तरगतका सबै वडाहरुमा सञ्चालन हुने योजनाहरुको अनुगमन, सुपरिवेक्षण गर्न देहाय बमोजिमको वडा स्तरीय अनुगमन समिति गठन गर्ने निर्णय गरियो।

देहाय:-

१. वडा अध्यक्ष - संयोजक
२. वडा सदस्य - सदस्य
३. वडा प्राविधिक कर्मचारी - सदस्य
४. वडा सचिव - सदस्य सचिव

निर्णय नं. १०

पन्ध्रौं जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शील्ड प्रतियोगितामा कुश्ती खेल खेलाउदा खेलाडीहरुलाई गम्भीर चोटपटक लाग्न सक्ने भएकोले सो खेल सुरक्षित तरिकाले खेलाउन स्पोर्ट्स म्याट खरिद गर्ने र सोका लागि आवश्यक पर्ने बजेट आगामी आर्थिक वर्ष २०८२/०८३ मा व्यवस्थापन गरि भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं. ११

यस पालिकालाई उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सामाजिक सशक्तिकरण कार्यक्रम अन्तरगत तपसिलका योजना कार्यान्वयन गर्ने र सोका लागि पालिकाले १०% लागत साझेदारी गर्ने र समय अभावका कारण योजना उपभोक्ता समितिवाट निर्माण तथा सञ्चालन गर्ने निर्णय गरियो।

तपसिल:-

डा. रोहित कुमार गिरी
नि.प्रमुख प्रशासकीय अधिकृत

१. ठूलीबान सिंचाइ कुलो (नहर) निर्माण – रु. ३०,००,०००।- (तीस लाख)
२. शितगृह संकलन, प्रशोधन र बजारीकरणका लागि पहिलो तला भवन निर्माण –– रु. २५,००,०००।– (पच्चीस लाख)

निर्णय नं. १२
केदारस्यूँ गाउँपालिकाको स्वास्थ्य नीति, २०८१ स्वीकृत गर्ने निर्णय गरियो

निर्णय नं. १३
राष्ट्रिय मानव अधिकार आयोगको कानून बमोजिम स्थानीय तहमा मानव अधिकारका विषयमा समन्वय तथा सहजीकरण गर्न तपसिल अनुसारको स्थानीय समन्वय समिति गठन गर्ने निर्णय गरियो।

१. श्री गणेश बहादुर बोहरा – संयोजक
२. श्री मनिषा धामी – सदस्य
३. सबै वडा अध्यक्षहरु – सदस्य
४. सम्बन्धित विषय हेर्ने अधिकृतहरु श्री केशव राज भट्ट र श्री लेखराज रावल – सदस्य
५. नागरिक समाजको प्रतिनिधि – सदस्य
६. सुरक्षा निकायका कार्यालय प्रमुख – सदस्य
७. प्रमुख प्रशासकीय अधिकृत डा. रोहित कु. गिरी – सदस्य-सचिव

निर्णय नं. १४
यस पालिका अन्तरगत सञ्चालन भएका सबै योजना, आयोजना तथा कार्यक्रमहरुको अनुगमन तथा सुपरीवेक्षण गरि अनुगमन समितिका संयोजक श्री मनिषा धामीज्यूले पेश गरेका अनुगमन प्रतिवेदन माथि व्यापक र विस्तृत समिक्षा गरियो र सुधारका लागि सुझाव प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. १५
यस स्थानीय तह अन्तरगत विभिन्न बस्तीहरुमा सडक निर्माण गर्दा सडकका डिलमा रहेका घर बस्ती, बसोबास स्थल, खानेपानी पाइप लाईन, खानेपानी मुहान, धारा, ट्याङ्कीमा भएको क्षति र हावाहुरीले उडाएका घर छानाको व्यवस्थापन गर्न वन, वातावरण तथा विपद व्यवस्थापन राहत उद्धार कार्यक्रमबाट अधिकतम रु. ६,५०,०००।- (६ लाख पच्चास हजार) बराबरको पाइप, जस्तापाता, सिमेन्ट लगायत अन्य आवश्यक पर्ने सामग्री निलम हार्डवेयर एण्ड सप्लायर्सबाट खरिद गरि भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. १६
केदारस्यूँ गा.पा. अन्तरगत बागथला सुदडा थापागाउँ दहसैन सडक (ग्याबिन) तारजाली तटबन्धन निर्माणका लागि पालिकाको आ.व. २०८१।०८२ मा टेण्डर आह्वान भई उक्त सडक खण्डको थापागाउँ बस्ती अन्तरगत विभिन्न ठाउँहरुमा ग्याबिन तारजाली तथा RCC नाला निर्माणका लागि पु.के. निर्माण सेवा केदारस्यूँ १ कम्पनीले ठेक्का प्राप्त गरि सो ठेक्काको काम निर्माण गर्दै गर्दा ग्याबिन तारजालि कार्यमा लागत अनुमानमा तोकिए अनुसार खोला निकास कार्यका

डा. रोहित कुमार गिरी
प्रमुख प्रशासकीय अधिकृत

लागि दुई लेअर ग्याबिन जाली निर्माण गर्नुपर्ने स्टमेटमा उल्लेख भएको तर सोही क्षेत्रका स्थानीय वासीले एक लेअर मात्र ग्याबिन जाली निर्माण गर्दा पनि सुरक्षित हुने र सो कार्यका लागि उपयोग हुन बाँकी ग्याबिन जाली उक्त सडक खण्डकै अति जोखिममा रहेका अन्य ठाउँहरूमा उपयोग गर्न माग गरेकोले उक्त माग बमोजिम गा०पा० को निर्णयानुसार माग भई आएका जोखिम ठाउँहरू बचाउन ग्याबिन तारजालीको निर्माण कार्य गरेको, उक्त निर्माण कार्यको भुक्तानी गर्दा टेण्डरमा तोकिएको क्षेत्रमा जम्मा काम गरेको ५८४ ग्याबिन जाली मध्ये ५३३ ग्याबिन जालिको मात्र भुक्तानी भएको यसमा बाँकी रहेका ५१ ग्याबिन जालि र थप १८ जाली गरी जम्मा ६९ ग्याबिन तारजालिको निर्माण कार्यको भुक्तानी गर्न बाँकी रहेकोले उक्त कार्यको भुक्तानी टेण्डर बिडिङ गर्दा उक्त निर्माण सेवाले बिडिङ गरेको दररेटमा नै सोही शिर्षकबाट टेण्डर आह्वान गर्दा बाँकी रहन गएको रकमबाट भुक्तानी दिने निर्णय गरियो।

<u>निर्णय १७</u>

केदारस्यूँ गाउँपालिका वडा नं. ३ वस्ते सिंह परिवारको सोही स्थानको खेतामा अन्दाजी ६५ रोपनी खेतीयोग्य जमिन उपलब्ध भएकोले कृषि ज्ञान केन्द्र चैनपुर बझाङसँग साझेदारी गरि सो जमिनमा कृषि सिकाइ केन्द्र स्थापना गरि दाल, तरकारी, अन्नबाली उत्पादन तथा प्रवर्द्धन गर्नका लागि रैथाने बाली उत्पादन, तरकारी, फलफूल, दाल उत्पादन, प्रवर्द्धन तथा बजारीकरण कार्यक्रम शिर्षकबाट आवश्यक पर्ने रकम खर्च गर्ने निर्णय गरियो।

Rohit

डा. रोहित कुमार गिरी
नि.प्रमुख प्रशासकीय अधिकृत